नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

# सूचना ! सूचना !! सूचना !!!

विषयः- नेपाली नागरिकले नेपालबाट स्थलमार्ग हुँदै भारत प्रवेश गरी तेश्रो मुलुक उड्न नपाउने सम्बन्धमा।

नेपाल र भारतबीच रहेको खुला सिमानाका कारण नेपालीहरूलाई स्थलमार्गबाट भारत प्रवेश गर्न सहज रहेको सर्वविदितै छ । विभिन्न उद्देश्यले स्थलमार्गबाट दिनहुँ धेरैको संख्यामा नेपालीहरू भारत आउने गरेको पाइन्छ । ती मध्ये कतिपय नेपाली भारतीय विमानस्थल प्रयोग गरी तेश्रो मुलुक उड्नका लागि आउने गरेका छन् । मध्यपूर्वका साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स लगायत नौवटा देशहरूमा भारतीय विमानस्थल प्रयोग गरी उड्नका लागि नेपाल सरकारले रोक लगाएको तर वैदेशिक रोजगार विभागको श्रम स्वीकृति (Employment Permit) को स्टिकर लगाएर आएका नेपालीहरूलाई दूतावासबाट जारी No Objection Certificate बाट उड्न पाउने गरेका छन् । बाँकी देशहरूको हकमा राहदानीमा भारतीय अध्यागमनबाट भारत प्रवेश गरेको छाप (Arrival Stamp) लगाउनु अनिवार्य भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

खुला सिमाको दुरुपयोग गर्दै मानव तस्करी समेत हुने गरेको परिप्रेक्ष्यमा नेपाली नागरिकहरूको प्रस्थान अनुमति सम्बन्धमा नेपालको अध्यागमन बिभागले स्थलमार्गबाट भारत जाने नेपाली नागरिकको राहदानीमा प्रस्थान छाप (Departure Stamp) नदिने/नलगाउने व्यवस्था कार्यान्वयन गर्न मातहत निकायलाई स्पष्ट निर्देशन दिएको छ । त्यसरी नेपाली अध्यागमन कार्यालयले Departure Stamp नलगाए पछि सीमा पारी भारतीय अध्यागमनले समेत आगमन छाप (Arrival Stamp) नलगाउने भएकोले निजहरूलाई भारतीय विमानास्थलबाट उडान अनुमती नदिइने गरेको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ ।

अतः नेपालबाट स्थलमार्ग प्रयोग गरी भारत प्रवेश गरी तेश्रो मुलुक उडान गर्न खोज्दा आइपर्न सक्ने समस्याबाट बच्नका लागि नेपाली नागरिकलाई काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानास्थलबाटै उडान गर्न विशेष अनुरोध गरिन्छ ।

२०७६ माघ २८ गते
नेपाली राजदूतावास
नयाँ दिल्ली, भारत ।